



जारी मिति सन् 2021 अप्रिल

रचना गर्ने हाचिओउजि नगर, नागरिक गतिविधि प्रवर्धन विभाग, बहुसांस्कृतिक सह-जीवन प्रवर्धन शाखा



☎ 042-620-7437


HACHIOJI CITY

ネパール語
नेपाली भाषा

\ नयाँ व्यक्तिरूको लागि /

# फोहर फाल्ने तरिका ह्याण्ड बुक



はちおうじし
八王子市

# हाचिओओउजिमा स्वागतम्!

नयाँ जीवनयापन कस्तो भइरहेको छ?  सम्झनु पर्ने कुरा धेरै हुने भएकोले कठिन हुन्छ नि है।
त्यस मध्येपनि, अवश्य थाहापाई राख्नुपर्ने कुरामा फोहर निकाल्ने तरिका पर्दछ।
जापानमा जीवनयापन गर्दा, सही तवरले फोहर निकाल्ने कुरा अत्यन्त महत्त्वपूर्ण हुन्छ।
राम्रोसँग नियम पालन गर्‍यो भने, शहर-टोल सफा भइराख्ने हुन्छ र, सबैले आरामले जीवन गुजारा गर्न सक्ने हुन्छ।
हाचिओओउजिमा पनि फोहर निकाल्ने नियम रहेको छ।  सुरुसुरुमा के गर्ने कसो गर्ने हुनपनि सक्छ होला।
तर, बानी पर्दै गएपछि सबै ठिक हुन्छ!  राम्ररी फोहर निकाल्ने तरिका जानेर, सबैसँग मिलेर सुन्दर शहर-टोल बनाउनमा लागिपरौँ।





# फोहर छुट्याउने गरौँ



फोहरको प्रकार अनुसार, निकाल्ने तरिका फरक पर्दछ। प्रकार अनुसार छुट्याएर निकाल्ने गर्नुहोला



**बल्ने फोहर**

(कुहिने फोहर, कागजले बनेको भाँडो आदि)



**नबल्ने फोहर**

(धातु / सिसा / माटोबाट बनेको सामान)



**पुनर्प्रयोग योग्य वस्तु**

(♻ भनेर लेखिएको वस्तु / क्यान / कागजे-कार्टुन / सिसाको बोतल / प्लास्टिकको बोतल आदि)

यो बाहेक अरूपनि प्रकारहरू हुन्छन्।
"पुनर्प्रयोग योग्य वस्तु" भनेको, रिसाइक्लिङ गर्न मिल्ने चिज हो।  पुनर्प्रयोग योग्य वस्तुलाई सित्तैमा फ्याँक्न मिल्छ।

## फोहर / पुनर्प्रयोग योग्य वस्तु छुट्याउने तरिका जानौँ

फोहर / पुनर्प्रयोग योग्य वस्तु छुट्याउने तरिकाको लागि "सङ्कलन तालिका" हेर्नुहोला।
विदेशी भाषामा हेर्न चाहने व्यक्तिले, अतिरिक्त निर्देशिकासँग मिलाएर हेर्नुहोस्।
अतिरिक्त निर्देशिकालाई अङ्ग्रेजी / चिनियाँ / भियतनामी आदि गरेर 9 ओटा भाषामा बनाइएको छ।

अतिरिक्त निर्देशिकाको पृष्ठ







अङ्ग्रेजी भाषा संस्करण,
चिनियाँ भाषा संस्करण,
कम्बोडियाली भाषा संस्करण,
पुर्तगाली भाषा संस्करण,
भियतनामी भाषा संस्करण,
दक्षिण कोरियाली भाषा संस्करण,
नेपाली भाषा संस्करण,
तागालोग (फिलिपिनी) भाषा संस्करण,
स्पेनिस भाषा संस्करणहरू छन्।

2

# तोकिएको फोहर-फाल्ने-थैलो प्रयोग गर्नै गरौं

"बल्ने फोहर (खानेन गोमि भनिने)" र "नबल्ने फोहर (फुनेन गोमि भनिने)" निकाल्नु पर्दा "तोकिएको फोहर-फाल्ने-थैलो (निर्धारित थैलो)"मा नै हाल्नु पर्छ। यस थैलोमा नहालेको फोहर सङ्कलन हुँदैन। यस्ता तोकिएको फोहर-फाल्ने-थैलो, सुपर मार्केट या कन्भिनियन्स स्टोरमा बिक्रीमा राखिएको हुन्छ। साइज अनुसार मूल्य फरक पर्छ।

नीलो रङ्गको थैलो
बल्ने फोहरको लागि



पहेँलो रङ्गको थैलो
नबल्ने फोहरको लागि





3

# निर्धारित दिनमा / निर्धारित ठाउँमा निकाली राख्ने गरौं

फोहरलाई निर्धारित दिनको बिहान 8:30 बजेसम्ममा, निर्धारित ठाउँमा नै निकालेर राखेको हुनुपर्छ। फोहर निकाल्ने दिन, क्षेत्र अनुसार फरक पर्छ। आफ्नो बसोबास स्थलको "सङ्कलन तालिका" हेर्नुहोस्।
फोहर निकाल्ने ठाउँको लागि, बसोबास गरिरहेको अपार्टमेन्टको घरबेटी वा व्यवस्थापक कम्पनीसँग निश्चय गरौं।




सङ्कलन तालिकाको पृष्ठ

## अपार्टमेन्टहरूमा फोहर निकाल्ने / पुनर्प्रयोग योग्य वस्तु निकाल्ने तरिकाको उदाहरणहरू




### बल्ने फोहर, नबल्ने फोहर

तोकिएको सङ्कलन गर्ने थैलोमा हाली राख्नुहोस्



### भनेर लेखिएको वस्तु, प्लास्टिकको बोतल

अपार्टमेन्टहरूमा निकाली राख्ने तरिका निश्चय गरिराख्नु होस्



### सिसाको बोतल, क्यान

थैलोमा नहाली, तयार गरी राखिएको भाँडोमा राखिदिनु होला



### हानिकारक फोहर

भित्रपट्टि देखिने गरेर थैलोमा राखिदिनु होला



### कागज / कागजे-कार्टुन

धागोले बानेर राखिदिनु होला



### पुरानो लत्ताकपडा

भित्रपट्टि देखिने गरेर थैलोमा राखिदिनु होला

4

# फोहर घटाऔँ

जापान भरीमा, थोरै फोहर निस्कने शहर स्वरूप हाचिओउजि नगर प्रसिद्ध छ।  फोहर घटाउने कार्य, वातावरण जोगाउनका निमित्त अत्यन्त महत्त्वपूर्ण हुन्छ।  दैनिक जीवनयापनको सिलसिलामा, फोहर घटाउन उपाय लगाऔँ।



1



**घरबाट झोला लैजाने र प्रयोग गर्ने गरौँ!**

सकेसम्म क्यास काउण्टरमा दिइने प्लास्टिकको झोला प्रयोग नगर्ने

2



**खाना बाँकी नरहने गरी खाऊँ!**

खाइसक्ने जति मात्र बनाउने, अर्डर गर्ने गरौँ

3



**रिसाइक्लिङ गरौँ!**

पुनर्प्रयोग योग्य वस्तुलाई राम्ररी रिसाइक्लिङ गरौँ



# फोहर बारेमा सल्लाह लिन चाहेको बेलामा

फोहर बारेको सल्लाह लिनुपर्दा या ठूलो खालका फोहर (सोदाइ-गोमि भनिने) सङ्कलन गरिदिनको लागि निवेदन दिनुपर्दा, फोहर सम्बन्धी समग्र परामर्श केन्द्र (गोमि सोउगोउ सोउदान सेन्टर भनिने)मा सोधपुछ गर्नुहोला।

*फोनबाट दिइने सेवा जापानी भाषामा मात्र उपलब्ध छ।  जापानी भाषा बाहेकको सोधपुछको लागि, नगरको वेबसाइटबाट मेल पठाउनु होस्।

**फोहर सम्बन्धी समग्र परामर्श केन्द्र**

**TEL. 0570-550-530**

माथिको नम्बर प्रयोग गर्न नमिलेमा TEL.042-696-5377

जापानी भाषा बाहेकको सोधपुछ **नगरको वेबसाइटबाट**

